# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.:
च.नं.:

मितिः २०७८।१०।२६

### "नास्पाती र लप्सी विशेष कार्यक्रम दक्षिणकाली नगरपालिका -८ काठमाडौं" कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।

नास्पाती र लप्सी विशेष कार्यक्रम दक्षिणकाली नगरपालिका -८ काठमाडौ आर्थिक बर्ष २०७८/०७९ मा प्रदेश सरकारबाट हस्तान्तरित वार्षिक स्वीकृत कार्यक्रम रहेको हुँदा दक्षिणकाली नगरपालिका वडा नं.-८ का ईच्छुक कृषक समूह/ कृषि सहकारी संस्था/कृषि फर्म/ उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएकोछ ।यो सूचना प्रकाशन भएको मितिले ३० दिन कार्यालय समयमा भित्र अर्थात (मिति २०७८/११/२६ गते भित्र) यस कार्यालयमा तपसिल अनुसार कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएकोछ ।यस सम्बन्धी थप जानकारीका लागि दक्षिणकाली नगरपालिकाको कृषि शाखामा सम्पर्क गर्न सकिनेछ ।

**अनुदान प्रतिशत र सिमाः**

१) कुल लागतको बढीमा ५० प्रतिशत अनुदान र कम्तीमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

२) सम्वन्धित साझेदारसँग सम्झौता गरी सहकार्य गर्नु पर्ने रकम भएमा सम्बन्धित स्थानीय तहको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

३) विगतका वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु संचालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रममा छनौट गर्न पाईने छैन ।

४) कृषि तथा पशुपन्छी विकास मन्त्रालय (वागमती प्रदेश) बाट विगतका आर्थिक वर्षहरुमा बजेट विनियोजन भई संचालन/सम्पन्न भएका कार्यक्रम/आयोजनाहरुमा बजेट खर्च पाईने छैन ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२ आवेदन ।

३) कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्ताब ।

४) निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्विधित स्थानीय तहको प्रमाण ।

५) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौताको प्रतिलिपी ।

६) अनुसूची-१ वमोजिमको प्रतिवद्धता पत्र ।

७) आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

भोला प्रसाद चापागाई
(प्रमुख प्रशासकीय अधिकृत)

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np